जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३५ अंक २१० २०८२ साल चैत ११ गते बुधबार (25 Mar 2026 Wednesday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : 'बजेट क्यालेन्डर' अनुसार चैत १५ ... ३ पृष्ठमा : संविधानसभापछि सिंहदरबार ... ३ पृष्ठमा : इरान-इजरायल तनाव ...

## मानव स्वास्थ्यको ख्याल गर्दै लामखुट्टे विरुद्धको विषादी छर्किनमा समस्या : राविनपा



**दैनिक समाचारदाता**
**राजविराज, १० चैत ।**

राजविराज नगरपालिकाले मानव स्वास्थ्य र स्वास्थ्य मन्त्रालयको निर्देशिकाको ख्याल गर्दै लामखुट्टे विरुद्धको विषादी (औषधी) छर्किन नसकिएको स्पष्ट पारेको छ।

मंगलबार नगरपालिकाले पत्रकार सम्मेलनको आयोजना गरि सो विषय बारे स्पष्ट पारेको हो ।

नगरक्षेत्रमा लामखुट्टेको प्रकोप बढ्दै गएको तथा नियन्त्रणका लागि अविलम्ब विषादी छर्किनुपर्ने जनस्तरबाट गुनासो र दवाव बढ्न थालेपछि नगरपालिकाले पत्रकार सम्मेलनको आयोजना गरी यस बिवषयमा स्पष्ट पारेको छ।

पत्रकार सम्मेलनमा कार्यबाहक नगरप्रंमुख इसरत परवीनले लामखुट्टे नियन्त्रण प्रभावकारी बनाउन मुख्य सडक, गल्ली तथा नालाहरुको सरसफाईमा विशेष ध्यान दिईने तथा जथाभावी फोहर फाल्नेलाई जरीवानाको दायरामा ल्याउने जानकारी दिईन्।

जेनजी आन्दोलनका क्रममा सरसफाईमा प्रयोग हुने सबै सबारी साधन जलेर नष्ट हुँदा अहिले भाडामा लिएर भएपनि सरसफाईमा दैनिक १५ वटा ट्याक्टर प्रयोग गरिएको जानकारी दिइन्। उनले निकट् भविष्यमै थप सवारी साधन प्रयोग गर्ने गरी खरिद प्रक्रियाको तयारी

*बाँकी दुई पृष्ठमा*

## धुमधामका साथ मनाईदै चैती छठ



**दैनिक समाचारदाता**
**राजविराज, १० चैत ।**

तराई/मधेशमा श्रद्धा र निष्ठा पूर्वक मनाइने चार दिवसीय चैती छठ पर्व अन्तर्गत तेश्रो दिन मंगलबार साँझ अस्ताउँदो सुर्यलाई अर्घ दिइएको छ।

सुर्यलाई अर्घ दिएर व्रतालुले आफ्ना परिवारको सुखः शान्ति र दिर्घायुको कामना गरेका छन ।

सदरमुकाम राजविराजस्थित भगवती, कल्टु, तुरन्ती र पुरणी लगायतका पोखरीमा सय भन्दा बढी बनाइएका छठघाटमा व्रतालुले

*बाँकी अन्तिम पृष्ठमा*

## सडक मापदण्डमा परेका संरचना डोजर लगाएर भत्काउन सुरु



**दैनिक समाचारदाता**
**राजविराज, १० चैत ।**

सडक मापदण्डका परेका जग्गामा निर्माण गरिएका संरचनाहरु मंगलवारदेखी राजविराज नगरपालिकाले डोजर लगाएर भत्काउन सुरु गरेको छ ।

नगरको हनुमान मन्दिरदेखि नेताचौक सम्म सडक मापदण्डमा परेका जग्गामा बनाइएका संरचना हटाउन पटक/पटक सुचना मार्फत नगरपालिकाले आग्रह गरेको थियो ।

तर संचरना भत्काउन अटेर गरेको र सडक तथा नाला निर्माणमा ढिलाई हुन थालेपछि डोजर लगाएर ती संरचनाहरु भत्काउन सुरु गरिएको नगरपालिकाले जनाएको छ ।

बीच सडको ९/९ मिटर दायाँ र बाँया गरी १८ मिटर भित्र पर्ने सबै संरचना हटाउन थालिएको राजविराज नगरपालिकाका कार्यवाहक नगर प्रमुख इसरत परवीनले जानकारी दिइन ।

उक्त सडक स्तरोन्नती र सौन्दर्यकरण कार्यको सडक डिभीजन कार्यालय लहानबाट टेण्डर भई निर्माण कार्य सूरु गर्नु पर्नेमा साईट क्लियरेन्स नहुदाँ समस्या उत्पन्न भएको उनको भनाई थियो ।

यसरी डोजर चलाउँदा केही स्थानीयले विरोध गरेका थिए । तर कार्यवाहक नगर प्रमुख परवीनले भोटको राजनीति नगर्न तथा विकासका काममा राजनीतिक स्वार्थ भन्दा माथी उठेर सबैलाई सहयोग गर्न आग्रह गरेकी थिइन । उनले सडक चौडा र सौन्दर्यकरण कार्य सकिएपछि १०/२० जनाले मात्र होइन सिंगो नगरवासी नै लाभान्वित हुने बताइन् ।

IMPACT Nepal

## आवश्यकता

अपाङ्गता रोकथाममा समर्पित गैर-सरकारी सामाजिक संस्था यसइम्प्याक्ट नेपालका लागि करार सेवामा सुरक्षित मातृत्व तथा बाल स्वास्थ्य कार्यक्रमका लागि निम्नानुसार पदपूर्ति गर्नुपर्ने भएकोले इच्छुक नेपाली नागरिकहरुबाट मिति २०८२ चैत्र १६ गते कार्यलय समयसम्ममा आइपुग्ने गरि दरखास्त आह्वान गरिएको छ ।

| पद | काम गर्ने स्थान | संख्या | न्यूनतम योग्यता |
|---|---|---|---|
| सामुदायिक स्थलगत कार्यकार्ता **(महिला)** | राजविराज | १ | CMA/HA |

**द्रष्टव्य:**
१. उमेर १८ बर्ष पुरा गरी ४० वर्ष ननाघेको ।
२. दरखास्त बुझाउनु पर्ने स्थान :इम्प्याक्ट नेपालको केन्द्रीय कार्यालय माइतीघर काठमाडौं (०१-५३५४६३५, ५३४२९०२) वा इम्प्याक्ट नेपाल कान उपचार केन्द्र मलेठ राजविराज (०३१-५९०००५) वा ईमेल: vacancy.impactnepal@gmail.com मार्फत पनि पठाउन सकिनेछ ।
३. सम्पर्क ठेगाना, इमेल, टेलिफोन नं.उल्लेख भएका दरखास्तका साथ नागरिकता, शैक्षिक योग्यता, तालिम, अनुभव तथा प्रशंसा पत्रको प्रमाण-पत्रका प्रतिलिपिहरु साथै हालसालै खिचेको पासपोर्ट साईजको फोटो पेश गर्नु पर्नेछ ।
४. रितपुर्वक आवेदन दिएका उमेदवारहरुका अन्तर्वाताको लागी सर्म्पक गरीने छ ।
५. अनुभवी तथा स्थानीयलाई विशेष प्राथमिकता दिइनेछ ।
६. तलव भत्ता तथा अन्य सुविधा संस्थाको नियमानुसार हुनेछ ।

## विद्युतीय उपकरणको प्रयोगबाट बालबालिकामा पर्ने असर:

विद्युतीय उपकरण (मोवाइल, ट्याव, ल्यापटप) आदिको अधिक प्रयोगले:
- बालबालिकाको आँखाको ज्योति कमजोर हुनसक्छ,
- दिमागमा असर पर्नसक्छ,
- समयमा नसुत्न सक्छन्,
- खानपान तथा दिसापिसावमा ध्यान नदिन सक्छन्,
- एकान्तमा वस्न मन पराउन सक्छन्,
- झिज्याहट हुन सक्छ,
- साथीहरूसँग घुलमिल नहुन सक्छन्,
- एकै स्थानमा बसिरहँदा रक्तसञ्चारमा प्रतिकूल प्रभाव पर्न सक्छन्,
- बालबालिकामा अटिजम, शारीरिक तथा मानसिक अपाङ्तासमेत हुनसक्ने भएकोले

बालबालिकालाई विद्युतीय उपकरणको अधिक प्रयोगबाट बचाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय ....

### चैती छठ पर्वको रौनक

तराई-मधेश क्षेत्रसहित देशभर श्रद्धा, भक्ति र अनुशासनका साथ मनाइने चैती छठ पर्वले फेरि एकपटक जनजीवनमा विशेष रौनकता ल्याएको छ। सूर्यदेव र छठी मैयाको आराधनामा समर्पित यो पर्व केवल धार्मिक आस्था मात्र होइन, सामाजिक एकता, सांस्कृतिक पहिचान र वातावरणप्रतिको जिम्मेवारीको प्रतीक पनि हो। चैती छठ, कार्तिक छठ जत्तिकै भव्य नदेखिए पनि यसको महत्त्व कम छैन। व्रतालुहरू कठोर नियम पालन गर्दै नदी, पोखरी तथा जलाशय किनारमा पुगेर अस्ताउँदो र उदाउँदो सूर्यलाई अर्घ्य अर्पण गर्छन्। चार दिनसम्म चल्ने यस पर्वमा शुद्धता, संयम र समर्पणको उच्च उदाहरण प्रस्तुत गरिन्छ। यसले हाम्रो समाजमा अनुशासन र सहिष्णुताको सन्देश दिन्छ।

यस पर्वले समाजमा आपसी सद्भाव र सहकार्यको भावना पनि बलियो बनाउँछ। यसले सामूहिक जिम्मेवारीबोध र एकताको भावना विकास गर्छ, जुन आजको समयमा अत्यन्त आवश्यक छ। चैती छठ केवल धार्मिक अनुष्ठान नभई हाम्रो सांस्कृतिक सम्पदा र सामाजिक एकताको बलियो आधार हो। यसको मौलिकता जोगाउँदै, अनुशासित र वातावरणमैत्री रूपमा पर्व मनाउनु हामी सबैको दायित्व हो।

तसर्थ छठ पर्वलाई अझ व्यवस्थित, सफा र वातावरणमैत्री बनाउनु आजको आवश्यकता हो। स्थानीय तह र सरोकारवाला निकायले यसतर्फ विशेष ध्यान दिनुपर्छ। यस वर्षको चैती छठ पर्वले सबैको जीवनमा सुख, शान्ति र समृद्धि ल्याउन सकोस्।


डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569


# 'बजेट क्यालेन्डर' अनुसार चैत १५ भित्र सबै मन्त्रालयले योजना तथा कार्यक्रम पठाइसक्नुपर्ने

काठमाडौँ, १० चैत (रासस)।

सबै विषयगत मन्त्रालयले यही चैत १५ गतेभित्र आफ्ना योजना तथा कार्यक्रम प्रस्ताव गरिसक्नुपर्ने गरी आगामी आर्थिक वर्ष २०८३/८४ को बजेट तर्जुमा कार्यतालिका (बजेट क्यालेन्डर) तयार भएको छ।

प्रतिनिधिसभा सदस्य निर्वाचनपछि नयाँ सरकार गठन भइनसकेको अवस्थामा बजेट क्यालेन्डरअनुसार भने चैत १५ भित्र सबै मन्त्रालयले आगामी आवको बजेटमा राख्नुपर्ने योजना तथा कार्यक्रम अनिवार्य रूपमा मन्त्रालयगत बजेट सूचना प्रणाली (एलएमबिआइएस)मा राखिसक्नुपर्नेछ।

अर्थ मन्त्रालयका प्रवक्ता टङ्कप्रसाद पाण्डेयले सबै मन्त्रालयलाई आगामी आर्थिक वर्षको बजेट सीमा (सिलिङ) उपलब्ध गराई सोहीअनुसार चैत १५ भित्र आफ्ना योजना तथा कार्यक्रम एलएमबिआइएसमा प्रविष्ट गरिसक्न भनिएको जानकारी दिनुभयो। यद्यपि, नयाँ बन्न लागेको सरकारले कस्तो नीति तथा कार्यक्रमसहित बजेट ल्याउँछ भन्ने स्पष्ट नभइसकेको अवस्थामा बजेट निर्माणको प्रक्रिया अगाडि बढाउनुपरेको उहाँको भनाइ छ।

"बजेट आर्थिक विषयमात्र नभई राजनीतिक नीतिसँग जोडिएको विषय पनि हो। नयाँ बन्ने सरकारले कस्तो नीति तथा कार्यक्रम बनाउँछ, चुनावी घोषणापत्रमा राखिएका विषयहरू बजेटमा कसरी सम्बोधन हुन्छन् भन्नेलगायत पक्षलाई हेरेर आगामी आर्थिक वर्षका योजना तथा कार्यक्रम तय गर्नुपर्ने हुन्छ", उहाँले भन्नुभयो।

आगामी आवका लागि सरकारले लिने कर नीतिबारे हाल राजस्व परामर्श समिति गठन भई अध्ययनको काम भइरहेको र आर्थिक सर्वेक्षण तथा सार्वजनिक संस्थानहरूको प्रगति विवरण (पहेँलो किताब) तयार पार्ने काम पनि भइरहेको प्रवक्ता पाण्डेयले जानकारी दिनुभयो।

आगामी आव २०८३/८४ को बजेट बनाउने काम भने गत पुसबाटै सुरु भइसकेको छ। अर्थ मन्त्रालयले तयार पारेको बजेट तर्जुमासम्बन्धी कार्यतालिकाअनुसार राष्ट्रिय स्रोत अनुमान समितिले आगामी तीन वर्षका लागि उपलब्ध स्रोत र खर्च गर्न सकिने सीमाको पूर्वानुमान (बजेट सिलिङ) तयार पारी अर्थ मन्त्रालयलाई बुझाइसकेको छ भने अर्थ मन्त्रालयले पनि सबै विषयगत मन्त्रालयलाई बजेट सिलिङ पठाइसकेको छ। आगामी आवका लागि करिब रु १८ खर्ब ९० अर्ब हाराहारीको बजेट ल्याउन सकिने गरी सिलिङ तयार पारिएको राष्ट्रिय योजना आयोगले जनाएको छ।

नयाँ सरकार गठनमा ढिलाइ हुँदा बजेटमा समावेश गर्नुपर्ने नीति, कार्यक्रम र अपेक्षित उपलब्धिसहितका सूचकहरू तयार पार्ने काम भने प्रभावित भएको छ। राजनीतिक अस्थिरताका कारण तोकिएको समयमा बजेट बनाउन नसक्ने अवस्था बारम्बार सृजना भएपछि जेठ १५ मा अनिवार्य रूपमा सदनमा बजेट पेस गर्नुपर्ने कानुनी व्यवस्था बनाइएको छ। बजेट निर्माण प्रक्रिया भने हरेक वर्षजस्तो प्रभावित हुँदा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन र नियमावली पटक-पटक संशोधन गर्नुपर्ने अवस्था आउने गरेको थियो। यस वर्ष पनि उक्त ऐन तथा नियमावलीले तोकेको बजेट निर्माण तालिका प्रभावित हुने देखिएको छ।

यस वर्षको बजेट तर्जुमासम्बन्धी कार्यतालिकाअनुसार चैत महिनादेखि बजेट निर्माण प्रक्रिया तीव्र रूपमा अघि बढ्नुपर्ने हो। चैत १ देखि २० गतेसम्म मन्त्रालयहरूबाट आएका प्रस्तावमाथि बजेट तथा कार्यक्रम महाशाखाले विस्तृत छलफल गर्ने तथा चैत १५ देखि वैशाख १० गतेसम्म सार्वजनिक सूचना जारी गरी नागरिक, विज्ञ र सरोकार भएकाहरूबाट सुझाव सङ्कलन गरिसक्नेगरी कार्यतालिका तय भएको छ। यस्तै, चैत १५ गतेभित्र सबै विषयगत मन्त्रालयहरूले एलएमबिआइएस प्रणालीमार्फत बजेट प्रस्ताव पेस गरिसक्नुपर्ने कार्यतालिका छ।

यस्तै, चैत २१ देखि २३ गतेसम्म अर्थमन्त्री, सम्बन्धित मन्त्रीहरू र सचिवहरूसँग बजेटका मुख्य कार्यक्रम र सिद्धान्तबारे छलफलका लागि कार्यसूची तयार भएको छ। यसैगरी, चैत २६ देखि २८ गतेसम्म सांसदहरूसँग प्रदेशगत रूपमा बजेटका उद्देश्य, प्राथमिकता र कार्यक्रमबारे छलफल गरिनेछ। अन्तरसरकारी वित्त परिषद्को बैठकसमेत यही अवधिमा बस्नेछ। चैत अन्तिम सातादेखि वैशाख मध्यसम्म प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्रालयहरूसँग सशर्त अनुदानलगायत विषयमा छलफल गर्ने कार्यसूची छ।

वैशाख महिनामा बजेटको प्राविधिक तथा नीतिगत तयारी तीव्र हुनेछ। यस अवधिमा विदेशी सहायता, ऋण तथा अन्तरराष्ट्रिय स्रोतको एकिन गरिनेछ। साथै राजनीतिक दलका प्रतिनिधि, पूर्वअर्थमन्त्री, पूर्वगभर्नर, अर्थशास्त्री तथा विज्ञहरूबाट सुझाव सङ्कलन गरिनेछ।

वैशाख २५ गतेसम्म विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकताको मस्यौदा तयार गरिनेछ भने आर्थिक सर्वेक्षणलाई अन्तिम रूप दिई प्रकाशनका लागि पठाइनेछ। यसैगरी मन्त्रालयगत र सार्वजनिक संस्थानहरूको प्रगति विवरण पनि छपाइका लागि वैशाख २० भित्र पठाइसक्नुपर्नेछ।

जेठ महिनामा बजेटलाई अन्तिम रूप दिने प्रक्रिया अघि बढ्नेछ। सदनमा बजेट पेस हुनुभन्दा कम्तीमा १५ दिनअगावै विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता संसद्मा प्रस्तुत भइसक्नुपर्नेछ। जेठ ६ गतेसम्म व्यय अनुमानको प्रारम्भिक मस्यौदा तयार हुनेछ भने राष्ट्रपतिसमक्ष बजेट ब्रिफिङका लागि मस्यौदा तयार पारिसक्नुपर्ने कार्यतालिका छ। यस्तै, जेठ १० गतेसम्म खर्च शीर्षकगत विवरणसहित अन्तिम मस्यौदा तयार गरी राष्ट्रपतिसमक्ष पेस गरिसक्नुपर्ने छ। यसपछि अर्थमन्त्रीले राष्ट्रपतिसमक्ष बजेटसम्बन्धी ब्रिफिङ गर्नेछन्। जेठ १२ देखि १३ गतेसम्म आर्थिक विधेयक, विनियोजन विधेयक र बजेट वक्तव्यलाई अन्तिम रूप दिइनेछ।

अन्ततः जेठ १४ गते सङ्घीय संसद्का दुवै सदनमा आर्थिक सर्वेक्षण, संस्थानहरूको प्रगति विवरण र मन्त्रालयगत प्रगति प्रतिवेदन पेस गरिनेछ। सोही दिन बजेट वक्तव्य, आर्थिक विधेयक, विनियोजन विधेयक, राष्ट्र ऋण उठाउने विधेयक र ऋण तथा जमानत विधेयक छपाइको काम हुनेछ। संवैधानिक व्यवस्थाअनुसार जेठ १५ गते सङ्घीय संसद्को संयुक्त बैठकमा बजेट प्रस्तुत हुनेछ।

# हरेक वर्ष ६७ हजार नयाँ क्षयरोगका बिरामी फेला

भक्तपुर, १० चैत (रासस)।

मुलुकमा हरेक वर्ष ६७ हजार नयाँ क्षयरोगका बिरामी फेला पर्ने गरेका छन्। विश्व क्षयरोग दिवसका अवसरमा सोमबार राष्ट्रिय क्षयरोग केन्द्र भक्तपुरले आयोजना गरेको पत्रकारसँगको अन्तरक्रिया कार्यक्रममा ६७ हजार नयाँ क्षयरोगका बिरामी फेला पर्नेमा १६ हजारको क्षयरोगका कारण मृत्यु हुने गरेको जानकारी दिइएको हो।

कार्यक्रममा राष्ट्रिय क्षयरोग केन्द्रका निर्देशक डा भुवन पौडेलले नेपालको क्षयरोगको अवस्थाबारे कार्यपत्र प्रस्तुत गर्दै एक वर्षमा ६७ हजार नयाँ क्षयरोगका बिरामी फेला परेका जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "एक वर्षमा ६७ हजार नयाँ बिरामी फेला परेका छन्। योसँगै एक लाख २२७ जनामा क्षयरोग छ। हरेक वर्ष करिब १६ हजार व्यक्तिको क्षयरोगका कारण मृत्यु हुने गरेको छ। एक लाखमा करिब ५३ जनाको मृत्यु क्षयरोगका कारण हुने गरेको छ।"

आव २०८१/८२ मा औषधि-संवेदनशील क्षयरोगका ३९ हजार १५१ जना नयाँ बिरामी पहिचान गरी उपचार गरिएको निर्देशक डा पौडेलले जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "३९ प्रतिशत महिला, ६१ प्रतिशत पुरुषको उपचार भइरहेको छ, तीमध्ये पाँच दशमलव छ प्रतिशत १५ वर्षमुनिका बालबालिका छन्।"

केन्द्रका निर्देशक डा पौडेलले उपचारमा रहेका बिरामीमध्ये ७२ प्रतिशतमा फोक्सोसम्बन्धी र २८ प्रतिशतमा फोक्सोबाहेक अन्य अङ्गमा क्षयरोग देखिने गरेको जानकारी दिनुभयो। औषधि-प्रतिरोधी क्षयरोगका ६२५ बिरामी पहिचान गरिएकामा ९२ प्रतिशत औषधि-संवेदनशील क्षयरोगको उपचारमा सफलता प्राप्त भएको उल्लेख गर्दै उहाँले औषधि-प्रतिरोधी क्षयरोगमा ७६ प्रतिशत सफलता प्राप्त भएको जानकारी दिनुभयो।

विश्वमा प्रत्येक वर्ष एक करोड सात लाखमा सक्रिय क्षयरोग देखिने गरेको जानकारी दिँदै केन्द्रका निर्देशक डा पौडेलले तीमध्ये १२ लाख ३० हजारको क्षयरोगका कारण मृत्यु हुने गरेको विश्व स्वास्थ्य सङ्गठनको तथ्याङ्कले जनाएको बताउनुभयो। यो नियन्त्रणका लागि सरकारले छ हजार २४१ स्वास्थ्य संस्थामा क्षयरोग उपचार सेवा सञ्चालन गरेको छ। उहाँले ७८५ संस्थामा निर्दिष्ट माइक्रोस्कोपी सेवा र १४२ संस्थामा द्रुत परीक्षण सेवा निःशुल्क रूपमा सञ्चालन भइरहेको जानकारी दिनुभयो।

डा पौडेलका अनुसार मुलुकभरि औषधि-प्रतिरोधी क्षयरोग उपचारका लागि ३१ केन्द्र र ९८ उपकेन्द्र सञ्चालनमा छन्। उहाँले १४९ स्थानीय तहमा 'क्षयरोगमुक्त नेपाल अभियान' विस्तार गरिएको बताउँदै नौ वटा एआई जडित डिजिटल एक्स-रे सञ्चालन गरी क्षयरोग परीक्षण गरिरहेको जानकारी दिनुभयो।

मुलुकमा अझै ४२ प्रतिशत बिरामी उपचारको पहुँचमा आउन नसकेका भन्दै उहाँले ११ प्रतिशत बिरामी र तिनका परिवारलाई आर्थिक भार, सामाजिक भेद्भाव र पर्याप्त स्रोतसाधनको अभावले चुनौती थपिँदै गएको बताउनुभयो।

एआई जडित डिजिटल एक्स-रे प्रविधिको विस्तार, नवीन निदान सेवा सुदृढीकरण, द्रुत परीक्षण विस्तार, गुणस्तरीय उपचारमा पहुँच सुनिश्चितता गर्दै प्रदेश र स्थानीय तहको नेतृत्वमा कार्यकम कार्यान्वयनलाई प्राथमिकता दिइने केन्द्रका निर्देशक डा पौडेलले बताउनुभयो।

सरकारले यस वर्ष 'हो! हामी क्षयरोग अन्त्य गर्छौं: राष्ट्रिय अभियान, हाम्रो योगदान' भन्ने मूल नाराका साथ मार्च २४ का दिन विश्व क्षयरोग दिवस मनाउँदैछ। नेपालमा पनि सन् २०३५ सम्म क्षयरोग महामारी अन्त्य गर्ने तथा सन् २०५० सम्म देशलाई क्षयरोगमुक्त बनाउने लक्ष्यसहित यो दिवस मनाउने गरिएको हो।

## मानव स्वास्थ्यको ...

थालिएको समेत बताईन्।

नगरको फोहोर मैला व्यवस्थापनका लागि नगरपालिकाबाट समय समयमा घरघर र पसल पसलमा डस्टबीन वितरण गरिएपनि सम्बन्धित व्यक्तिबाट त्यसको उचित सदुपयोग हुन नसक्दा चुनौती थपिएको उनको भनाई छ।

उनले लामखुट्टे विरुद्धको विषादी छर्किन जिल्ला स्वास्थ्य कार्यालय मार्फत स्वास्थ्य मन्त्रालय मातहतको इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखामा पत्राचार गरेको भएपनि कुनै महामारी बगैर त्यस्तो विषादी छर्न नमिल्ने भनि जवाफ आउँदा रोकिएको स्पष्ट पारिन।

त्यस्ता विषादीले मानव स्वास्थ्य तथा वातावरणीय अवस्थामा समेत असर पार्ने भएकाले अन्य विकल्पमा जानुपर्ने बाध्यता रहेको उनले सुनाईन्।

पत्रकार सम्मेलनमा नगर स्वास्थ्य शाखाका प्रमुख कामेश्वर यादवले कालाजार, मलेरिया र औलो जस्ता रोगको महामारी विना यस्ता विषादी छर्नु जनस्वास्थ्य तथा मन्त्रालयको निर्देशिका विपरित हुने भएकाले लामखुट्टेको प्रजनन स्थललाई नै सरसफाईको माध्यमले नष्ट गरिनु उपयुक्त उपाय भएको बताए।

नगरपालिकाका योजना अधिकृत मनोज यादवले नगरको फोहोर मैला व्यवस्थापन तथा लामखुट्टेको प्रकोप नियन्त्रणका लागि सरसफाई नै मुख्य उपाय भएको भन्दै यसका लागि टोल टोलमा टोल सुधार र टोल विकास समिति गठन गरी कडाईका साथ अनुगमन गरिने जानकारी दिए।

# संविधानसभापछि सिंहदरबार फर्कंदै संसद्

**भीष्मराज ओझा**
काठमाडौँ, १० चैत (रासस)।

मुलुकमा संविधानसभा सदस्यको निर्वाचनपछि २०६५ जेठदेखि सिंहदरबारभन्दा बाहिर बस्दै आएको संसद् अधिवेशन १७ वर्षपछि सिंहदरबारमै बस्न लागेको छ। गत फागुन २१ गते सम्पन्न प्रतिनिधिसभाको निर्वाचनपछि संसद् बैठक अब सिंहदरबारस्थित निर्माणाधीन आफ्नै भवनमा बस्न लागेको हो। सोही भवनमा प्रतिनिधिसभाका नवनिर्वाचित २७५ सदस्यको शपथ यही चैत १२ गते दिउँसो २ बजेको लागि तय भएको छ।

विसं २०६४ चैत २८ गते भएको निर्वाचनबाट ६०१ सदस्यीय संविधानसभा गठन भएपछि पुरानो संसद् (ग्यालरी बैठक) भवन साँघुरो भएकाले संसद्को अधिवेशन नयाँ बानेश्वरस्थित अन्तरराष्ट्रिय सम्मेलन केन्द्रमा बस्दै आएको थियो। संविधानसभा अघिसम्म भने संसद् बैठक सिंहदरबारस्थित पुरानो संसद् (ग्यालरी बैठक) भवनमा बस्दै आएको थियो। विसं २०१६ देखि प्रारम्भ भएको नेपालको संसदीय इतिहास त्यहीं भवनबाट सुरु भएको थियो।

गत भदौ २३ र २४ गते जेनजी आन्दोलनका क्रममा आगलागीबाट बानेश्वरस्थित अन्तरराष्ट्रिय सम्मेलन केन्द्रको भवन ध्वस्त भएको थियो। राष्ट्रियसभाको बैठक भने यसअघि गत माघ ४ गतेदेखि नै अस्थायी रूपमा सिंहदरबारस्थित कृषि समितिको बैठक कक्षमा बस्दै आएको छ।

सङ्घीय संसद सचिवालयले संविधानसभा बैठकका लागि २०६५ जेठदेखि भाडा र कर्मचारी परिचालनसहित वार्षिक रु पाँच करोड ६० लाख तिर्ने गरी अन्तरराष्ट्रिय सम्मेलन केन्द्र विकास समितिसँग सम्झौता गरेको थियो। समितिका वरिष्ठ कार्यक्रम संयोजक दीपेन्द्रविक्रम सिंहका अनुसार उक्त भाडा प्रत्येक वर्ष १० प्रतिशतले वृद्धि भई पछिल्लो समय गत असोजसम्म पुग्दा वार्षिक रु १६ करोड ५० लाख पुगेको थियो।

सचिवालयले संसदीय गतिविधिका लागि समितिको १५३ रोपनी क्षेत्रफलमा रहेका मुख्य सभा हलसहित आठ विभिन्न हल, विशिष्ट कक्ष, पार्किङ, बगैँचालगायत प्रयोग गर्दै आएको संयोजक सिंहले बताउनुभयो। जेनजी आन्दोलनपछि संसद् सचिवालयले सूचना प्रकाशित गरी गत असोजदेखि एकतर्फी रूपमा उक्त सम्झौता रद्द गरेको छ।

तत्काल संसद् बैठक सिंहदरबारस्थित निर्माणाधीन संसद् भवनको मुख्य हल निर्माण हुन केही समय लाग्ने भएपछि सङ्घीय संसद् सचिवालयले बहुउद्देश्यीय हल तत्कालका लागि प्रयोग गर्ने जनाएको छ। सचिवालयका प्रवक्ता सहसचिव एकराम गिरीले शपथ ग्रहण र प्रारम्भिक बैठकका लागि वैकल्पिक हलको व्यवस्था गरिएको जानकारी दिनुभयो। मुख्य हल तयार हुन केही समय लाग्ने भएपछि तत्कालका लागि वैकल्पिक व्यवस्था गरिएको उहाँको भनाइ छ।

निर्वाचन आयोगबाट अन्तिम मतपरिणाम सार्वजनिक भएपछि प्रतिनिधिसभा बैठक बोलाउने गरी तयारी थालिएको हो। त्यसका लागि प्रतिनिधिसभाका नवनिर्वाचित ज्येष्ठ सदस्य अर्जुननरसिंह केसीलाई बुधबार राष्ट्रपति रामचन्द्र पौडेलले राष्ट्रपति कार्यालय शीतल निवासमा शपथ गराउनुहुने कार्यक्रम तय भएको छ।

त्यसैगरी, ज्येष्ठ सदस्य केसीले यही चैत १२ गते प्रतिनिधिसभाका नवनिर्वाचित सबै सदस्यहरूलाई नयाँ संसद् भवनमा शपथ गराउनुहुने प्रवक्ता गिरिले बताउनुभयो। नेपालको संविधानको धारा, ९३ अनुसार राष्ट्रपतिले प्रतिनिधिसभाका लागि भएको निर्वाचनको अन्तिम परिणाम घोषणा भएको मितिले ३० दिनभित्र सङ्घीय संसद्को अधिवेशन आह्वान गर्नुपर्छ।

नयाँ संसद् भवन सिंहदरबारस्थित पुतली बगैँचामा २०७६ असोज १ गते शिलान्यास गरिएको थियो। शहरी विकास तथा भवन निर्माण विभागका उपमहानिर्देशक तथा आयोजना निर्देशक रोशन श्रेष्ठका अनुसार भवनको अधिकांश काम सम्पन्न भइसकेको छ भने केही प्राविधिक काम बाँकी छ।

विभागका अनुसार संसद् भवनको सिभिल निर्माणतर्फ करिब रु पाँच अर्ब ५० देखि ६० करोड हाराहारी खर्च हुने अनुमान छ भने 'इन्टेरियर' निर्माणका लागि थप रु दुई अर्ब ३४ करोड लागत रहेको छ। करिब १५१ रोपनीभन्दा बढी क्षेत्रफलमा निर्माण भइरहेको नयाँ संसद् भवन तयार भएपछि सङ्घीय संसद्का सम्पूर्ण गतिविधि यही नयाँ संरचनाबाट सञ्चालन हुनेछन्।

यसमा प्रतिनिधिसभा र राष्ट्रियसभाका भवन, अतिविशिष्ट कक्ष र अन्य कार्यालयलगायत १२ भवन हुनेछन्। संसद् भवनभित्र मुख्य भवन आठ छन्। भवनभित्र ३५० सिट क्षमताको संयुक्त 'लबी' हुनेछ भने सानाठूला गरी १० संसदीय दलका कार्यालय हुनेछन्। साथै चार अतिरिक्त विशिष्ट कक्ष, दुई संसद् सचिवालय भवन, संसद् 'लाइब्रेरी'लगायत संरचना निर्माण गरिएका छन्।

# ग्यास पाइपलाइन र भण्डारण पूर्वाधार निर्माणको प्रस्ताव भारतसमक्ष प्रस्तुत, प्रत्युत्तरको प्रतीक्षामा निगम

**अशोक घिमिरे**
काठमाडौँ, १० चैत (रासस)।

इरानमाथि अमेरिका र इजरायलले संयुक्त रूपमा हवाई कारबाही गरेपछि राजधानी उपत्यकामा एक्कासी खाना पकाउने ग्यासको अभाव भयो।

देशमा पेट्रोलियमा पदार्थको आयात, ढुवानी, भण्डारण र वितरण गर्ने निकाय नेपाल आयल निगमले समस्या समाधानको प्रयासस्वरुप आधा सिलिन्डर ग्यास बजारमा पठाउन उद्योगीलाई निर्देशन दियो तर सहजै ग्यास नपाएको उपभोक्ताको गुनासो छ।

निगमले खाना पकाउने एलपी ग्यासको आयात निरन्तर भइरहेकाले अनावश्यक सञ्चिति नगर्न आमउपभोक्तामा आग्रह गर्दै आइरहेको छ। नेपालमा मासिक रूपमा ४६ हजार मेट्रिक ग्यास खपत हुँदै आएको छ। हरेक महिना सोही परिमाणमा आयात पनि भइरहेको छ।

पश्चिम एयसियामा जारी जारी द्वन्द्वका कारण पेट्रोलियम पदार्थको मूल्य र आपूर्तिमा विश्वव्यापी रूपमा असर परिरहेको छ। यद्यपि, निगमले पेट्रोलियम पदार्थको आपूर्ति साबिककै परिमाणमा गरिरहेको बताएको छ।

देशमा इन्धनको पर्याप्त भण्डारण नहुँदा बेलाबखत अभाव हुने गरेको निगमका अधिकारी स्वीकार गर्छन्। सरकारले तीन महिनाको माग धान्न सक्नेगरी पेट्रोलियम पूर्वाधार निर्माण गर्ने घोषणा गरेको छ। डिजेल, पेट्रोल र मट्टितेलको भण्डारण क्षमता वृद्धि गरिए पनि हालसम्म खाना पकाउने ग्यासको भण्डारण व्यवस्था भएको छैन।

निगमका कार्यकारी निर्देशक चण्डिका भट्ट बजारमा ग्यासको अभाव हुन नदिन भण्डारण पूर्वाधारमा लगानी गर्नुपर्ने आवश्यकता औँल्याउनुहुन्छ। "अहिलेसम्मको अवस्थाले नेपाललाई एलपी ग्यास पाइपलाइन र कम्तीमा ३० दिनका लागि पुग्ने भण्डारण पूर्वाधार निर्माण गर्नु अत्यावश्यक छ", उहाँले भन्नुभयो।

ग्यास ढुवानीमा वार्षिक रु छ अर्बभन्दा बढी खर्च हुँदै आएको छ। नेपालसँग आफ्नै ग्यास बुलेट नहुँदा ढुवानी लागत अधिक छ। "ग्यास पाइपलाइन र भण्डारण पूर्वाधार निर्माण भएमा अर्बौं बचत हुन्छ", कार्यकारी निर्देशक भट्टले भन्नुभयो, "यसबाट आपूर्ति प्रणाली सुधार भई आमउपभोक्ताले सहजै ग्यास पाउने अवस्था बन्छ।"

तीन महिनाको पेट्रोलियम पदार्थ माग धान्ने पूर्वाधार निर्माण गर्ने राष्ट्रिय नीति भए पनि अझै त्यसले पूर्णता पाउन सकेको छैन। उपभोक्ता अधिकारकर्मी माधव तिमिल्सिना पेट्रोलियम भण्डारण नीतिको अस्पष्टता र अव्यवस्थित वितरण प्रणालीका कारण सहजै ग्यास उपलब्ध नभएको तर्क गर्नुहुन्छ। पेट्रोलियम पदार्थमा परनिर्भर हामीले अधिकभन्दा अधिक विद्युत् उपभोगमा उहाँको जोड छ।

भारतको मोतिहारीदेखि सर्लाहीसम्म ग्यास पाइपलाइन र भण्डारण गृह निर्माणका लागि नेपालले भारतसँग प्रस्ताव गरेको छ। "हामीले एक वर्षअघि नै इन्डियन आयल कर्पोरेसनमार्फत त्यहाँको पेट्रोलियम मन्त्रालयमा ग्यास पाइपलाइन र भण्डारण पूर्वाधार निर्माणको प्रस्ताव गरिसकेका छौँ, जवाफ प्राप्त भएको छैन", कार्यकारी निर्देशक भट्टले भन्नुभयो।

उहाँले 'अब के हुने हो' भनेर उपभोक्ताले सञ्चिति गरेका कारण ग्यासमा केही 'प्रेसर' देखिएको बताउनुभयो। उहाँले भन्नुभयो, "ग्यास बुलेट लोड गर्न जाने क्रममा कहिलेकाहीं चाप हुँदा भर्न नभ्याएको मात्रै हो, ग्यास आयतमा केही समस्या छैन।" ग्यासको वितरण प्रक्रिया सहज हुँदै गएको ठहर गर्दै निगम एक सातापछि पूर्ण सिलिन्डर बजार पठाउने योजनामा जुटेको छ।

# समपूरक र विशेष अनुदान लिन तीन हजार पाँच सय आयोजना प्रस्ताव

काठमाडौँ, १० चैत (रासस)।

आगामी आर्थिक वर्ष २०८३/८४ का लागि सङ्घीय सरकारबाट समपूरक र विशेष अनुदान लिन प्रदेश र स्थानीय तहबाट करिब तीन हजार ५०० आयोजनाको प्रस्ताव परेको छ।

राष्ट्रिय योजना आयोगका अनुसार स्थानीय तहबाट तीन हजार ३४८ र प्रदेशबाट १४० आयोजना तथा कार्यक्रमको प्रस्ताव परेको हो। आयोगले आगामी आवका लागि सङ्घीय समपूरक र विशेष अनुदानअन्तर्गत कार्यान्वयन हुने योजना तथा कार्यक्रमका लागि गत माघ मसान्तभित्र प्रस्ताव पेस गरिसक्न भनेको थियो।

आयोगका सहायक प्रवक्ता डा दिवाकर लुईंटेलका अनुसार हाल आयोगमा प्राप्त योजना तथा कार्यक्रमको लागत अनुमान तथा विश्लेषण र छनोट भइरहेको छ। "समपूरक र विशेषअनुदानका लागि प्राप्त बजेट सिलिङ र प्राप्त योजना तथा कार्यक्रमको आवश्यकता, कार्यान्वयन पूर्वतयारी, आवश्यक कागजातलगायतका विवरण अध्ययन भइरहेका छन्", उहाँले राससससँग भन्नुभयो।

आयोगका अनुसार आगामी आर्थिक वर्षका लागि यी शीर्षकको अनुदान लिन दुई हजार ८२० नयाँ र ६७८ वटा क्रमागत योजना तथा कार्यक्रमको प्रस्ताव परेको छ। नयाँ योजना तथा कार्यक्रमतर्फ विशेष अनुदान लिन एक हजार ४६४ र समपूरक अनुदान लिन एक हजार ३५६ वटा प्रस्ताव परेका छन्।

त्यसैगरी क्रमागत आयोजना तथा कार्यक्रमका लागि विशेषतर्फ २२० र समपूरकतर्फ ४५८ आयोजनाको प्रस्ताव परेको आयोगले जनाएको छ।

योजना आयोगले प्रदेश र स्थानीय तहसँग यी शीर्षकमा अनुदान लिनका लागि योजना तथा कार्यक्रम माग गर्दा समपूरक अनुदानसम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८२ र विशेष अनुदानसम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८२ को प्रावधानभित्र रही प्रस्ताव पेस गर्न भनेको थियो। जसअनुसार प्रदेश र स्थानीय तहले अन्य स्रोतबाट कार्यान्वयन गर्ने आयोजना वा कार्यक्रम र सञ्चालनमा रहेका आयोजना तथा कार्यक्रमसँग दोहोरो नपर्ने गरी प्रस्ताव पेस गर्न भनिएको थियो।

प्रदेशको हकमा सम्बन्धित प्रदेश नीति तथा योजना आयोगले तयार पारेको प्राथमिकीकरणसहितको सिफारिस तथा प्रदेश सरकारको सिफारिस र स्थानीय तहको हकमा

*बाँकी अन्तिम पृष्ठमा*

## विश्व समाचार

### इरान-इजरायल तनाव थप चर्कियो

तेहरान, १० चैत (रासस/एएफपी)।

मध्यपूर्वमा युद्धविरामको सम्भावना झल्किएको केही घण्टामै इरानले इजरायलमाथि नयाँ क्षेप्यास्त्र प्रहार गरेपछि क्षेत्रीय तनाव फेरि तीव्र बनेको छ। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले 'धेरै राम्रो' वार्ता भइरहेको दाबी गर्नुभएको भए पनि तेहरानले औपचारिक रूपमा कुनै संवाद नरहेको स्पष्ट पारेको छ।

ट्रम्पले इरानसँग युद्ध अन्त्यका लागि गोप्य वार्ता भइरहेको उल्लेख गर्दै पाँच दिनभित्र सहमति नभए कडा सैन्य कदम चालिने चेतावनी दिनुभएको थियो। उहाँको उक्त अभिव्यक्तिले विश्व बजारमा सकारात्मक सङ्केत देखिएको थियो भने तेलको मूल्यमा पनि गिरावट आएको थियो। तर इरानले भने यस्तो दाबी अस्वीकार गर्दै यसलाई बजारमा प्रभाव पार्ने प्रयासका रूपमा व्याख्या गरेको छ।

अमेरिकी पक्षले इरानका उच्च तहका नेताहरूसँग संवाद भइरहेको जनाएको थियो। केही सञ्चारमाध्यमले इरानी संसद्का सभामुख मोहम्मद बाघेर गालिबाफलाई वार्ताको प्रमुख पात्रका रूपमा उल्लेख गरेका छन्। साथै अमेरिकी प्रतिनिधिहरू स्टिभ विटकफ र जारेड कुशनरले पाकिस्तानमा सम्भावित भेटवार्ता गर्न सक्ने चर्चा पनि गरिएको छ। यद्यपि ह्वाइट हाउसले औपचारिक पुष्टि नगरेसम्म यस्ता विवरणलाई अन्तिम मान्न नहुने बताएको छ।

यसैबीच, पाकिस्तानका प्रधानमन्त्री शहबाज शरीफले इरानी राष्ट्रपति मसुद पेजेस्कियानसँग संवाद गर्दै क्षेत्रीय शान्तिका लागि सहयोग गर्ने प्रतिबद्धता जनाउनुभएको छ। तर इरानका अधिकारीहरूले प्रत्यक्ष वार्ता नभएको दोहोऱ्याइरहेका छन्। इजरायलतर्फ भने प्रधानमन्त्री बेन्जामिन नेतान्याहुले अमेरिकासँग सहमति सम्भव भएको सङ्केत पाए पनि आफ्नो देशको सुरक्षाका लागि इरान र लेबनानमा सैन्य कारबाही जारी रहने बताउनुभएको छ। उहाँका अनुसार हालको सैन्य उपलब्धिलाई कूटनीतिक अवसरमा रूपान्तरण गर्न सकिने अवस्था देखिएको छ।

मङ्गलबार बिहान इरानी सरकारी सञ्चारमाध्यमहरूले इजरायलमाथि नयाँ क्षेप्यास्त्र आक्रमण भएको जानकारी दिएका छन्। इजरायलको उत्तर क्षेत्रमा केही संरचनामा क्षति पुगेको भए पनि मानवीय क्षति नभएको जनाइएको छ। उता, लेबनानमा इजरायलले दक्षिण बेरुतमा लगातार हवाई आक्रमण गरेको विवरण सार्वजनिक भएको छ। यसअघि ट्रम्पले इरानको ऊर्जा पूर्वाधारमाथि आक्रमण गर्ने चेतावनी दिनुभएको थियो। तर सम्भावित प्रतिशोधको जोखिमलाई ध्यानमा राख्दै उहाँ पछि हट्नुभएको विश्लेषकहरूले बताएका छन्। क्षेत्रीय ऊर्जा आपूर्ति र जलडमरूमध्यमा आवागमन अवरुद्ध हुँदा विश्व अर्थतन्त्रमा गम्भीर असर पर्ने चिन्ता बढ्दै गएको छ।

इरानले स्टेट अफ होर्मुजमार्फत हुने तेल आपूर्ति प्रभावित पारेपछि विश्व बजारमा अस्थिरता देखिएको छ। अन्तर्राष्ट्रिय ऊर्जा एजेन्सीका प्रमुखले यस्तो अवस्था लम्बिँदा ऐतिहासिक ऊर्जा सङ्कट निम्तिन सक्ने चेतावनी दिनुभएको छ। हाल तेलको मूल्य उच्च विन्दुमा पुगेपछि ट्रम्पको वार्ता दाबीले केही राहत दिएको देखिएको छ। युद्ध विस्तारसँगै लेबनानमा इजरायलको स्थलगत अभियान पनि तीव्र बनेको छ। इजरायलले इरान समर्थित हिजबुल्लाहविरुद्ध कारबाही बढाएको छ भने हजारौँ मानिस प्रभावित भएका छन्। उपलब्ध विवरणअनुसार, द्वन्द्वमा हजारौँको ज्यान गइसकेको छ, तर स्वतन्त्र रूपमा तथ्य पुष्टि गर्न कठिन रहेको बताइएको छ। समग्रमा, कूटनीतिक संवादको चर्चा चलिरहे पनि मैदानमा सैन्य गतिविधि नरोकिनुले मध्यपूर्वमा द्वन्द्व झन् जटिल बन्दै गएको सङ्केत गरेको छ।

### मध्यपूर्व द्वन्द्वको प्रभावमा बालबालिका : युनिसेफ

न्युयोर्क, १०चैत (रासस/क्युएनए)।

मध्यपूर्वमा बढ्दो द्वन्द्व चौथो हप्तामा लम्बिरहदा लेबनानमा ११८ र कुवेतमा दुई सय भन्दा बढी बालबालिकाको मृत्यु भएको जनाइएको छ। रिपोर्ट गरिएका तथ्याङ्कहरूमा हिंसा जारी रहँदा प्रभावितको सङ्ख्या बढ्ने आशंका गरिएको छ। युद्ध सुरु भएदेखि हरेक दिन औसत लगभग ८७ जना बालबालिका मारिएका वा घाइते भएको युनिसेफका उपकार्यकारी निर्देशक टेड चाइबानको टिप्पणी गर्नु भएको छ।

उहाँले तत्काल शत्रुता अन्त्य, नागरिक पूर्वाधारको सुरक्षा,र निर्बाध मानवीय पहुँच सुनिश्चित गर्न आह्वान गर्नु भएको छ। युनेस्कोले हिंसा जारी रहेमा मध्यपूर्वमा गहिरो सङ्कट उत्पन्न हुने चेतावनी दिएको छ। निर्दोष बच्चाहरूको मृत्युले जनताको विश्वास कमजोर भई वैज्ञानिक क्षमतामा स्थायी क्षति पुग्ने जनाएको छ।

विनाशकारी युद्धको लगभग एक महिना बितिसक्दा तेल, इन्धन र ग्यासको मूल्यवृद्धिमा विश्व अर्थतन्त्रलाई हल्लाउदै दुरगामी प्रभाव बढाएको संयुक्त राष्ट्रसङ्घले जनाएको छ। मध्यपूर्वमा हवाई क्षेत्र, यातायात, ढुवानी मार्ग र प्रमुख मानवीय सिमाहरुमा अवरोध र बन्दले आधारभूत सामान र औषधिहरूको उपलब्धता र मूल्यसहित मानवीय सञ्चालन र व्यावसायिक आपूर्ति श्रृङ्खलालाई असर गरिरहेको जनाइएको छ।

हर्मुजको जलक्षेत्रमा व्यापारिक जहाजहरूमा भएका आक्रमणले आधारभूत आपूर्तिको वितरणलाई खतरामा पारी खाद्यान्नको मूल्य वृद्धि र जोखिम उच्च पारेको जनाइएको छ। खाद्य सुरक्षालाई खतरामा पार्दै बजार प्रभावित भएकाले एसिया र अफ्रिकी महादेशका विकासोन्मुख देशहरूलाई सबैभन्दा बढी असर पर्ने सम्भावना रहेको उल्लेख गरिएको छ। द्वन्द्वको कुनै सैन्य समाधान नभएको कुरामा जोड दिँदै सङ्कट अन्त्य गर्न कूटनीतिक उपायको माध्यामबाट शान्तिपूर्ण समाधान र संयुक्त राष्ट्र सुरक्षा परिषद्का प्रस्तावहरूको कार्यान्वयन भएको उल्लेख गरिएको छ।

# आमाको नामबाट तीन हजारले लिए नागरिकता

काठमाडौँ, १० चैत (रासस)।

नेपाल नागरिकता (चौथो संशोधन) नियमावली, २०८२ जारी भएदेखि आमाको नामबाट दुई हजार ९४८ जनाले नागरिकता लिएका छन्। नयाँ नियमावली जारी भएपछि हालसम्म नयाँ व्यवस्थाअनुसार उनीहरूले नागरिकता प्राप्त गरेको गृह मन्त्रालयले जनाएको छ।

चौथो पटक संशोधन गरिएको नेपाल नागरिकता नियमावली राजपत्रमा प्रकाशित गरिएको थियो। गत पुस ११ गते बसेको मन्त्रिपरिषद् बैठकले नेपाल नागरिकता चौथो संशोधन नियमावलीमा स्वीकृत गर्ने निर्णय गरेको थियो।

नेपाल नागरिकता नियमावली, २०६३ को नियम ३ मा संशोधन गरिएको छ। त्यस्तै, मूल नियमावलीको नियम ५, ७, ८ र १४ मा संशोधन गरिएको छ। मूल नियमावलीमा नियम १६ (क) थप गरिएको छ भने मूल नियमावलीको अनुसूचीमा संशोधन गरिएको छ।

नयाँ व्यवस्थाअनुसार बुबा वा आमामध्ये एक जनाले जन्मका आधारमा नेपाली नागरिकता प्राप्त गरेको र अर्को अभिभावक नागरिकता नपाउँदै मृत्यु भएको वा बुबाको ठेगाना अज्ञात रहेको अवस्थामा तथा नेपाली आमाबाट विदेशमा जन्मिएर बुबाको पहिचान नभएका तर नेपालमा स्थायी बसोबास गरिरहेका सन्तानको हकमा प्रमुख जिल्ला अधिकारीले आवश्यक छानबिन गरी अङ्गीकृत नेपाली नागरिकता प्रदान गर्न सक्ने व्यवस्था थप गरिएको छ।

नागरिकता जारी गर्दा नियमावलीले तोकेका कागजातका अतिरिक्त स्वघोषणालाई पनि महत्वपूर्ण आधारका रूपमा लिइनेछ। त्यसका लागि आवश्यक ढाँचासमेत संशोधित नियमावलीले व्यवस्था गरेको छ। यसअघि वैवाहिक अङ्गीकृतबाहेकका अन्य अङ्गीकृत नागरिकता गृह मन्त्रालयको निर्णयमा मात्र प्रदान हुने व्यवस्था थियो। नयाँ कानुनी व्यवस्थाअनुसार उक्त अधिकार प्रमुख जिल्ला अधिकारीलाई प्रत्यायोजन गर्न सकिने व्यवस्था गरिएको छ, जसले नागरिकता वितरण प्रक्रियामा स्थानीय तहको भूमिका र जिम्मेवारी बढाएको छ।

संशोधनले यसअघि कानुनले स्पष्ट रूपमा समेट्न नसकेको नाबालक परिचयपत्र वितरणसम्बन्धी विषयलाई पनि समावेश गरेको छ। साथै विदेशी महिलाले नेपाली पुरुषसँग विवाह गरेको अवस्थामा वैवाहिक अङ्गीकृत नागरिकता प्रदान गर्नुअघि निजको नेपाल बसाइँ अनुमति (भिसा) नियमित हुनुपर्ने व्यवस्था स्पष्ट गरिएको छ।

### धुमधामका साथ ...

सूर्यलाई अर्घ दिए। भाकल गरेका कतिपय व्रतालु अस्ताउँदो सूर्यलाई अर्घ दिन घरबाट घिस्रिएर पुजाघाटसम्म पुगेका थिए।

कार्तिक र चैत्र महिनामा छठ पर्व मनाईन्छ। कार्तिकको छठ पर्वलाई मुख्य छठ पर्व मान्ने चलन रहे पछि केही वर्ष यता चैती छठ पर्व मान्नेको संख्या पनि बढ्दै गएको छ।

चार दिवसीय छठ पर्व अन्तर्गत बुधवार बिहान उदाउँदो सूर्यलाई अर्घ दिएपछि समापन हुने छ।

यता बि.स. २०७६ सालमा कोभिडले विश्वलाई प्रभावित बनाएपछि कृत्रिम पोखरी बनाएर आफ्नै निवासमै पनि छठ मनाउनेको संख्यामा बढ्दै गएको छ।

यसै क्रममा राजविराज ८ निवासी सुमित्रा गुप्ताले छठको अर्घ दिन आफ्नै घर आंगनमै कृत्रिम पोखरी बनाएर अस्ताउँदो सूर्यलाई अर्घ दिएकी छिन्।

उनले घरबाट टाढा पोखरी रहेको तथा गर्मी र हवाहुरीका कारण घर आंगनमै कृत्रिम पोखरी बनाएर सूर्य उपासनाको पर्व छठमा सहभागि भएको बताईन। उनी कोरोना कालदेखी नै यसरी घर आंगनमै छठ पर्व मनाउदै आईरहेकी छिन्।

उनले परिवारको सुख, शान्ति र इच्छित मनोकांक्षाका लागि कात्तिक महिनामा मनाइने छठ पर्वमा समेत यसरी नै कृत्रिम पोखरी बनाएर सूर्यको पूजा गर्ने गरेको सुनाइन्।

## कर्मचारी आवश्क्ता सम्बन्धि जरुरी सूचना

नेपाल राष्ट्रिय दलित समाज कल्याण संघ (NNDSWO) २०३९ सालमा स्थापना भई दलित समुदायको उत्थान विकास र सामाजिक न्यायका लागी निरन्तर क्रियाशिल पहिलो एतिहासिक सामाजिक संस्था हो। यस संस्थाले आफ्नो स्थापना कालदेखी नै शैक्षिक, राजनैतिक, सामाजिक, जनचेतनामुलक कार्यक्रमका अतिरिक्त दलित समुदायको अधिकार स्थापनाका लागी स्थानीय, जिल्ला, प्रदेश, संघिय र राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा समेत सक्रिय भुमिका खेल्दै आईरहेको छ। संघले इटेला तपोइला हाइ स्कुल फिन्ल्याण्डको साझेदारीमा सप्तरी जिल्लामा विगत लामो समय देखि दलित विद्यार्थीहरुका लागी छात्रवृत्ति कार्यक्रम संचालन गर्दै आएको छ। उक्त कार्यक्रमका लागी एक जना फिल्ड सुपरभाईजरको (आंसिक) आवश्यक्ता परेको हुनाले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले मिति २०८२ साल चैत्र १४ गते अपरान्ह ५ बजे भित्र वायोडाटा, शैक्षिक प्रमाण पत्र र नेपाली नागरिकताको प्रतिलिपि सहित निवेदन आह्वान गरिएको छ।

**मुख्य जिम्मेवारीहरु :**

- स्थानीय सरोकारवालाहरु र समुदाय संग समन्वय तथा सहकार्य गर्ने।
- कुशल कार्य सम्पादन तथा सहजिकरण गर्ने।
- संस्थागत नीति, निर्देशिका तथा आचारसंहिताको पालना गर्ने।
- दलित विद्यार्थीहरुको डाटा अध्यावधिक तथा विश्लेषण गर्ने।
- विद्यालयमा मासिक रुपमा विद्यार्थीहरुको अनुगमन गर्ने।
- घरदैलो, अनुगमन तथा नियमित प्रतिवेदन तयार गर्ने।

**न्युनतम शैक्षिक योग्यता :**

- प्लस टु पास।

**अनुभव :**

- सुपरीवेक्षण तथा सम्बन्धित काममा कम्तीमा २ वर्ष अनुभव।

**निवेदन पेश गर्ने ठेगाना तथा प्रक्रिया :**

निवेदन पेश गर्दा प्रत्यक्ष संघको जिल्ला शाखा कार्यालय, सप्तरीमा पेश गर्न सकिने छ। इमेल मार्फत पनि तलको ठेगानामा पेश गर्न सकिने छ।

इमेल : career2025@nndswo.org.np

**नेपाल राष्ट्रिय दलित समाज कल्याण संघ (NNDSWO), सप्तरी**

सम्पर्क नं. : ९८०७७८६१५८

**पदपुर्ती समिति केन्द्रिय कार्यालय काठमाडौ**

फोन नं. : ०१-५६७०५५०/५३७३४९७

# विश्वमा एक करोड सात लाखमा सक्रिय क्षयरोगी, नेपालका ४२ प्रतिशत उपचार बाहिर

भक्तपुर, १० चैत (रासस)।

'हो ! हामी क्षयरोग अन्त्य गर्छौं: राष्ट्रिय अभियान, हाम्रो योगदान' नाराका साथ विविध चेतनामूलक कार्यक्रमका साथ देशका विभिन्न भागमा क्षयरोग दिवस मनाइएको छ।

सन् २०३५ सम्ममा क्षयरोग महामारी अन्त्य गर्ने र सन् २०५० सम्ममा देशलाई क्षयरोग मुक्त बनाउने लक्ष्य हासिल गर्न सबैले आ-आफ्नो क्षेत्रबाट आफ्नो जिम्मेवारी पूरा गर्ने प्रतिबद्धताका साथ यो दिवस मनाइएको राष्ट्रिय क्षयरोग केन्द्रका निर्देशक डा. भुवन पौडेलले राससलाई जानकारी दिनुभयो।

मुलुकमा अझै पनि ४२ प्रतिशत क्षयरोगी उपचार बाहिर रहेका बताउँदै उहाँले अधिकांश बिरामीमा रोग लुकाउने, परीक्षण नगर्ने वरू उनीहरूबाट रोग सर्ने प्रवृत्ति देखिएको, प्रविधिको प्रयोग गर्न नसक्दा परीक्षणमा पनि समस्या भएको बताउनुभयो।

आर्थिक वर्ष २०८१/८२ मा औषधि-संवेदनशील क्षयरोगका ३९ हजार १५१ जना नयाँ बिरामी पहिचान भएका जानकारी दिँदै उहाँले त्यसमध्ये ३९ प्रतिशत महिला, ६१ प्रतिशत पुरुष र ५.६ प्रतिशत १५ वर्षमुनिका बालबालिका रहेका बताउनुभयो।

क्षयरोग नियन्त्रणका लागि सरकारले ६ हजार २४१ स्वास्थ्य संस्थामा क्षयरोग उपचार सेवा सञ्चालन गरेको जानकारी दिँदै उहाँले ७८५ संस्थामा निर्दिष्ट माइक्रोस्कोपी सेवा र १४२ संस्थामा द्रुत परीक्षण सेवा निःशुल्क रूपमा सञ्चालन भइरहेको बताउनुभयो।

औषधि -प्रतिरोधी क्षयरोग उपचारका लागि ३१ केन्द्र र ९८ उपकेन्द्र सञ्चालन रहेको तथा १४९ स्थानीय तहमा 'क्षयरोगमुक्त नेपाल अभियान' विस्तार गरिएको, नौ वटा एआई जडित डिजिटल एक्स-रे सञ्चालन गरि क्षययोगका परीक्षण गरिरहेको जानकारी दिनुभयो।

विश्वमा प्रत्येक वर्ष एक करोड सात लाखमा सक्रिय क्षयरोग रहेको जानकारी दिँदै उहाँले जसमा १२ लाख ३० हजारको क्षयरोगकै कारण मृत्यु हुने गरेको विश्व स्वास्थ्य संगठनको तथ्याङ्कमा रहेको छ।

# कांग्रेसले जिम्मेवार भएर प्रतिपक्षको भूमिका निर्वाह गर्छ : सभापति थापा

ललितपुर, १० चैत (रासस)।

नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले पार्टीले जिम्मेवार भएर प्रतिपक्षको भूमिका निर्वाह गर्ने बताउनुभएको छ।

पार्टीको केन्द्रीय कार्यालय सानेपामा मंगलबारदेखि सुरु भएको केन्द्रीय कार्य समितिको बैठकलाई सम्बोधन गर्दै सभापति थापाले जनमतले सङ्घीय संसद्मा दिएको प्रतिपक्षको भूमिका जिम्मेवार भएर निर्वाह गर्ने बताउनुभएको हो। "संविधान, पार्टीको विधान र प्रतिज्ञापत्रमा आधारित रहेर प्रतिपक्षको भूमिका निर्वाह गर्छौं," उहाँले भन्नुभयो, "२०८२ देखि २०८७ सम्मको अवधि सुशासन, सेवा र विकासको गतिमा अगाडि जान राष्ट्रिय स्वतन्त्र पार्टीलाई नेपाली कांग्रेसको सहयोग र साथ रहन्छ, अबको पाँच वर्ष कुनै पनि द्वन्द्व र दुर्घटना नआउने गरी भूमिका निर्वाह गर्छौं।"

प्रतिकूल अवस्थामा निर्वाचनमा होमिनु परेको बताउँदै सभापति थापाले निर्वाचन परिणामपश्चात् जवाफदेही भएर सभापति पदबाट राजीनामा दिएको बताउनुभयो। "मेरो अपेक्षाभन्दा भिन्न निर्णय केन्द्रीय समितिले गरेको छ, बाँकी ठिक बैठिकको निर्णय आगामी महाधिवेशनले गर्छ, अब हामी महाधिवेशनतर्फ अगाडि बढ्छौं," उहाँले भन्नुभयो।

सभापति थापाले सुशासनका सन्दर्भमा अबको सरकारसँग नागरिकको विशिष्ट अपेक्षा रहेको उल्लेख गर्नुभयो। उहाँले अख्तियारको दुरुपयोग, नीतिगत भ्रष्टाचारको विषयमा प्रस्ट छानबिन गर्नुपर्नेमा जोड दिनुभयो।

"२०४६ पछि सार्वजनिक पदमा बसेको सबैको सम्पत्ति छानबिन गरेर जानुपर्छ, अवैध सम्पत्ति जफत गर्नुपर्छ, यसका लागि आयोग बनाएर जानुपर्छ," उहाँले भन्नुभयो। निर्वाचनको विषयमा पार्टीको समीक्षा भइसकेको र मंगलबारको बैठकबाट निर्णय गरेर सातै प्रदेशमा समीक्षा गरिने जानकारी दिनुभयो।

### सम्पूरक र विशेष ...

कार्यपालिकाबाट सिफारिस पनि अनिवार्य गरिएको छ। सम्पूरक र विशेष अनुदानका लागि आयोगको विद्युतीय सूचना व्यवस्थापन प्रणालीमार्फत प्राप्त प्रस्तावलाई मात्र हेरिने आयोगले जनाएको छ।

कार्यविधिअनुसार यी शीर्षकमा अनुदान लिन आयोजनाको सम्भाव्यता अध्ययन, 'ड्इड', 'डिजाइन', 'स्पेसिफिकेसन'सहितको विस्तृत विवरणको लागत अनुमान पेस गर्नुपर्ने हुन्छ। वातावरणीय अध्ययन प्रतिवेदनलगायतका कागजात आवश्यक हुन्छ। अनुदान माग गर्न स्थानीय तहको हकमा सम्बन्धित कार्यपालिकाको निर्णय र प्रदेशको हकमा सम्बन्धित प्रदेश योजना आयोगको सिफारिसमा प्रदेश सरकारको मन्त्रिपरिषद्ले निर्णय गरेको हुनुपर्ने व्यवस्था कार्यविधिमा छ।


सूचना! सूचना!! सूचना!!!

इम्प्याक्ट नेपाल प्राथमिक कान उपचार केन्द्र, राजविराजले सम्पूर्ण उपचार सेवाहरू यही मिति २०८२।१०।१२ (26-01-2026) गतेदेखि गीता पेट्रोल पम्प अगाडीको आफ्नै नयाँ भवन इम्प्याक्ट नेपाल ठाको देवी जोगेन्द्र भगत कान उपचार केन्द्र राजविराजबाट अति अत्याधुनिक प्रविधिबाट सुविधा सहित सम्पूर्ण सेवाहरु उपलब्ध गराउने भएको सहर्ष जानकारी गराउँदछौं।



हाम्रा सेवाहरू:
१. दैनिक कान जाँच तथा उपचार
२. विभिन्न आधुनिक मेसिनबाट कानको परिक्षण (PTA, Tympanogram, EUM)
३. कानको सुन्ने मेसिन (Hearing Aid)
४. इन्डोस्कोपी (Endoscopy)
५. कानको शल्यक्रिया (Operation)
६. फार्मेसी सेवा

सम्पर्क : ०३१-५९०००५
९८०४७४२२८०, ९८४२२७०७२४


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शंखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** rajbirajdainik@gmail.com, **वेबसाइट :** rajbirajdainik.com.np